नेपाल सरकार
शिक्षा मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
ज्ञानेश्वर, काठमाडौं

पत्र संख्या :-०७३/७४
चलानी नं.:- ५४१

मिति : २०७३/१०/१७

**विषय : विद्यालय पुनर्निर्माण कार्यबिधी २०७३ पठाइएको सम्बन्धमा ।**

**श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (DLPIU),**
ओखलढुङ्गा/सिन्धुली/रामेछाप/दोलखा/सिन्धुपाल्चोक/काभ्रेपलाञ्चोक/भक्तपुर/काठमाण्डौं/ललितपुर/रसुवा/नुवाकोट/धादिङ्ग/गोरखा/मकवानपुर ।

प्रस्तुत विषयमा वि.सं. २०७२ साल वैशाख १२ गतेको भुकम्प र सो पश्चातका पराकम्पका कारण क्षतिग्रस्त विद्यालय भवनहरु पुनर्निर्माणको कार्य गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट स्वीकृत **"विद्यालय पुनर्निर्माण कार्यबिधी २०७३"** थान २५ यसैसाथ पठाइएको छ । विद्यालय पुनर्निर्माण कार्य गर्दा स्वीकृत कार्यविधीको परिधी भित्र रही तपशील बमोजिम गर्न/गराउन हुन अनुरोध छ ।

तपशील

क) केन्द्रीय आयोजना कार्यान्वयन इकाई **(CLPIU)** ले दातृसंस्थासँग भएको सम्झौता एवं कार्यबिधीको दफा ५ (५) अनुसार भुकम्पबाट क्षतिग्रस्त विद्यालय पुनर्निर्माणका लागि विभिन्न प्याकेजमा (Package) ठेक्का आह्वान गरी निर्माण व्यवसायीहरुसँग सम्झौता गर्दै आईरहेको सन्दर्भमा सो को जानकारी प्राप्त हुनासाथ सम्झौता भएका निर्माण व्यवसायीहरुलाई निर्माणस्थल उपलब्ध गराई निर्माण कार्य समयमै तोकिएको गुणस्तर कायम गरी/गराई गर्न/गराउन हुन तहाँ कार्यरत इन्जिनियरिङ्ग प्राविधिक जनशक्ति (इन्जिनियर तथा सब-इन्जिनियर) परिचालन गर्ने तथा निर्माण कार्यको प्रगति हरेक नियमित रुपमा तोकिए बमोजिम **CLPIU** मा आइपुग्ने गरी पठाउने

ख) स्वीकृत कार्यबिधीको अनुसूची ९ बमोजिम विद्यालय निर्माणको सहजिकरणका लागि निर्माणका लागि ठेकेदारसँग सम्झौता भएका विद्यालयहरुसँग **DLPIU** ले समझदारी (Memorandum of understanding - MOU) गर्ने ।

ग) **CLPIU** ले निर्माण कार्यमा थप प्राविधिक सहयोग गर्न एवंम गुणस्तर सुनिश्चतताका लागि निम्न परामर्शदातालाई Design Supervision Consultant (DSC) को रुपमा छनोट गरी सम्झौता गरेको छ । Design Supervision Consultant (DSC) को नामावली निम्नानुसार छ ।

१. ERMC P. Ltd. in JV with Silt Consultants P. Ltd., PACE Consultants P. Ltd., and CAGE Consult P. Ltd. - एशियाली बिकास बैंकको ऋण सहयोगमा निर्माण हुने ८ जिल्लाहरु ओखलढुङ्गा/सिन्धुली/रामेछाप/दोलखा/सिन्धुपाल्चोक/काभ्रेपलाञ्चोक/भक्तपुर/काठमाण्डौंका लागि ।

२. Oriental Consulting Global JV MOHRI, ARCHITECT & Associates, INC, East West Engineering Services P. Ltd. जाईकाको ऋण सहयोगमा निर्माण हुने ६ जिल्लाहरु ललितपुर/रसुवा/नुवाकोट/धादिङ्ग/गोरखा/मकवानपुरका लागि ।

फोन नं. ४४२०१०६, ४४२१३४९, ४४२०५६५, फ्याक्स नं. ४४२०५२१
वेभसाइट :- www.moepiu.gov.np इमेल :-info@moepiu.gov.np

नेपाल सरकार
शिक्षा मन्त्रालय
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
ज्ञानेश्वर, काठमाण्डौ

पत्र संख्या :-०७३/७४
चलानी नं.:-

एशियाली विकास बैंकको ऋण सहयोगमा निर्माण हुने ८ जिल्लाका **DLPIU** ले कार्यालयको लागि घरभाडामा लिंदा २ देखि ३ ओटा कोठा Design Supervision Consultant (DSC) team लाई उपलब्ध गराउने ताकि DLPIU र DSC बीच प्रभावकारी संचार र आवश्यक समन्वय गर्न सहजता होस ।

घ) Design Supervision Consultant (DSC) बाट खटिएका सम्वन्धित जिल्लाका Resident Engineer (RE) सँग नियमित रुपमा बैठक आयोजना गरी समन्वयात्मक रुपमा अनुगमन कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाई निर्माण कार्य गुणस्तरीयरुपमा गर्ने गराउने ।

ङ) निर्माण कार्य संचालन गर्दा सम्झौता बाहेकका थप कार्यहरु गर्नु परेमा आवश्यकता अनुसार **DLPIU** का इन्जिनियर र Design Supervision Consultant (DSC) का सम्वन्धित जिल्लाका Resident Engineer (RE) को संयुक्त टोलीबाट सम्वन्धित निर्माणस्थलको अवलोकन गरी गराई आवश्यकताको यकिन गरी थप काम गर्नु पर्ने भएमा सोको डिजाइन, लागत अनुमान, थप समयावधी आवश्यक पर्ने नपर्ने आदि विवरण राखी **CLPIU** मा पठाउने ।

च) निर्माण व्यवसायीले ठेक्का सम्झौता अनुसार गरेका निर्माण कार्यको भुक्तानीको लागि बील मार्फत अनुरोध गरेमा सो बील Design Supervision Consultant (DSC) का सम्वन्धित जिल्लाका Resident Engineer (RE) बाट चेकजाँच गराई **DLPIU** मा पेश गर्न लगाउने । Resident Engineer (RE) बाट चेकजाँच गरी पेश हुन आएको बील **DLPIU** का सम्वन्धित साईट इन्चार्ज तथा इन्जिनियरबाट अन्तिम चेकजाँच गरी भुक्तानीका लागि DLPIU ले **CLPIU** मा समयमै पठाउने । **Running Bill** को नमूना संलग्न छ ।

छ) निर्माण कार्यको नियमित सुपरिवेक्षण गर्न सुगमतालाई मध्यनजर गरी **DLPIU** मा कार्यरत सबइन्जिनियरहरुको क्षेत्रगत कार्य विभाजन गरी कार्य क्षेत्र भित्रमा नै बस्ने गरी मासिक कार्ययोजना तयार गरी गराई काममा खटाउने । पायक पर्ने कुनै एक स्रोतकेन्द्रमा निजको सम्पर्क विन्दु कायम गर्न सकिने छ । सबै सबइन्जिनियरहरुले सदरमुकामस्थित DLPIU कार्यालयबाटै सुपरिवेक्षणमा खटिँदा निर्माण कार्यको सुपरिवेक्षण प्रभावकारी हुन नसकी गुणस्तर कायम गर्न अप्ठेरो पर्ने, मितव्ययिता कायम हुन नसक्ने भएकाले विकेन्द्रीकरणको यो व्यवस्था तत्काल लागू गरी कार्य विभाजनको जानकारी **CLPIU** मा पठाउने । DLPIU प्रमुख र इन्जिनियरले नियमित अनुगमन गर्ने ।

**ईमनारायण श्रेष्ठ**
आयोजना निर्देशक

बोधार्थ :

Er. Buddhi Sagar Thapa- Team leader (DSC)
ERMC P. Ltd. in JV with Silt Consultants P. Ltd., PACE Consultants P. Ltd., and CAGE Consult P. Ltd.
Wong Kuok Hung, DSC Project Manager, Oriental Consulting Global in association with East West Engineering Services P. Ltd.

फोन नं. ४४२०१०६, ४४२१३४९, ४४२०५६५, फ्याक्स नं. ४४२०५२१
वेभसाइट :- www.moepiu.gov.np इमेल :-info@moepiu.gov.np

कार्यविधी moepiu.gov.np बाट download गर्न सकिने छ ।